# विजयनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खुरुहुरीया, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

विजयनगर गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) अनुसार सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

स्वीकृत मितिः २०७७/०३/३१

# संघ, संस्था दर्ता तथा नवीकरण निर्देशिका, २०७६

पहिलो संशोधन मितिः २०८१/०७/०५

**प्रस्तावनाः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) (ठ) मा व्यवस्था भए बमोजिम विजयनगर गाउँपालिका क्षेत्रभित्र सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारिरिक, व्यवसायिक तथा परोपकारी सामाजिक गैर नाफा मुलक संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्थित गर्न वाञ्छनीय भएकोले, स्थानीय तहको प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो निर्देशिका वनाई लागू गरेको ५ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "संघ, संस्था दर्ता तथा नवीकरण निर्देशिका २०७६" रहेको छ ।

(२) यो निर्देशिका कार्यपालिकाले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **मुल निर्देशिकाको दफा २ को उपदफा "क" मा पछि देहायको थप गरिएको छ :**

**परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "संस्था" भन्नाले सामाजिक, आर्थिक, साहित्यिक, बैज्ञानिक, शौक्षिक, बौद्धिक, शरीरिक, व्यवसायिक तथा परोपकारी, सामाजिक, गैर नाफा मूलक कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था क्लव मण्डल परिषद अध्ययन केन्द्र, समूह **र उपभोक्ता समिति** आदि सम्झनु पर्नेछ सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

(ख) "गाउँपालिका" भन्नाले विजयनगर गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "प्रमूख प्रशासकीय अधिकृत" भन्नाले विजयनगर गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले विजयनगर गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "सम्बन्धित शाखा" भन्नाले कार्यालयको प्रशासन शाखा सम्झनु पर्दछ ।

(च) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनु पर्दछ ।

३. **दर्ता नगरी संस्था खोल्न नहुनेः** यस निर्देशिका बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुदैन ।

४. **संस्थाको दर्ता र नवीकरणः** (१) विजयनगर गाउंपालिका क्षेत्रभित्र संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायका विवरण खुलाई संस्थाको विधानको एक प्रति र गाउंपालिकाले निर्धारण गरेको दस्तुर सहित अनुसूचि १ बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिनुपर्छ ।

(क) संस्थाको नाम

(ख) उद्देश्यहरु,

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना,

(च) संस्थाको विद्यान ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा एक हप्ताभित्र तोकिएको शुल्क लिई अनुसूची–२ बमोजिमको दर्ता कितावमा संस्था दर्ता गरी प्रमाण पत्र दिईनेछ ।

(३) दफा (२) बमोजिम दर्ता कितावमा संस्था दर्ता गरे पश्चात अनुसूची–३ बमोजिम तोकिएको ढाँचामा प्रमाणपत्र दिइनेछ ।

(४) विजयनगर गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता भई संचालनमा रहेका प्रत्येक संस्थाले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नवीकरण गरिसक्नुपर्नेछ । यदि ३ महिनाभित्र नवीकरण नगरेमा नवीकरण शुल्कको सत प्रतिशत थप शुल्क लिई चैत्र मसान्त भित्र नवीकरण गरिनेछ । चैत्र मसान्त भित्र पनि नवीकरण नगरेमा दर्ता खारेज हुनेछ ।

५. **संगठित संस्था मानिनेः** (१) यस निर्देशिका अन्तर्गत दर्ता भएका प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

६. **संस्थाको सम्पत्तिः** (१) संस्थाको सदस्य वा कर्मचारीलगायत कुनै व्यक्तिको संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा कार्यालय त्यस्तो सम्पिती दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट जफत गरी संस्थालाई फिर्ता बुझाई दिनसक्नेछ ।

(४) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी कार्यालयले गरेको कार्यवाहीमा चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानुनले तोके बमोजिम पुनरावेदन गर्नसक्नेछ ।

७. **यस कार्यविधि जारी हुनु भन्दा अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने:** यो निर्देशिका प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता नभई स्थापित भई संचालनमा रहेका संस्थाले पनि यो निर्देशिका प्रारम्भ भएको मितिले ३ महिनाभित्र यसै बमोजिम दर्ता गराउनु पर्नेछ ।

८. **संस्थाको उद्देश्यहरु हेरफेर:** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई अन्य कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिने छ । तर सो प्रस्ताव लागु गर्न कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ ।

९. **हिसावको विवरण पठाउनुपर्ने:** प्रवन्ध समितिले सामाजिक परीक्षण गरी आफ्नो संस्थाको हिसाबका विवरण लेखापरीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष कार्यालयमा पठाउनु पर्नेछ ।

१०. **हिसाब जाँच गर्ने:** (१) कार्यालयले आवश्यक देखेमा संस्थाको हिसाब कार्यालयको अधिकारप्राप्त व्यक्तिबाट जाँच गराउन सक्नेछ ।

(२) हिसाब जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकारीले कार्यालयले तोकिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन प्रमूख प्रशासकीय अधिकृतलाई पेश गर्नुपर्नेछ । र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको देखिन आएमा गाउँ कार्यपालिकाको बैठकले सो को असुल उपर गर्न गराउन आदेश दिनेछ ।

**११. दण्ड सजायः** (१) दफा (३) बमोजिम कार्यलयमा दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाको प्रवन्ध समितिको सदस्यहरुलाई कार्यालयले जनही दश हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा (९) बमोजिम हिसावको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई जनही तीन हजार रुपैया सम्म जरीवाना गर्ने सक्नेछ । तर कुनै सदस्यले दफा ढ उल्लं३न हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई दण्ड सजाय गरिने छैन ।

(३) दफा (१०) को उपदफा (२) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकार वा पदाधिकारीले मागेको विवरण तथा कागजातपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी सदस्य वा कर्मचारीलाई कार्यलयले एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा (८) बमोजिम कार्यालयको पूर्व स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकुल हुनेगरी काम कारवाही गरेमा र कार्यालयले दिएको निर्देशन पालना गरेमा कार्यालयले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ ।

१२. **पुनरावेदनः** दफा (११) बमोजिम कार्यालयले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।

१३. **संस्थाको विघटन र त्यस्को परिणामः** (१) संस्थाको विधान बमोजिम कार्यालय संचालन गर्न नसकी वा अन्य कुनै कारणवश विघटन भएमा त्यस्तो संस्थाको जायजेथा यस कार्यालयमा सर्नेछ ।

(२) उपदफा (१) बमोजम विघटन भएको संस्थाको दायित्वको हकमा संस्थाको जायजेथाले थामेसम्म त्यस्ता दायित्व गाउँपालिकाले व्यहोर्नेछ ।

१४. **अधिकार प्रत्यायोजनः** यो निर्देशिका कार्यन्वयनको लागी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

१५. **अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस निर्देशिकामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेछ ।

१६. **खारेज र बचाउः** (१) संघीय वा प्रदेशिक व्यवस्थापिकाले निमार्ण गरेको कानुन विपरीत भएका दफा सोही अनुसार खारेज वा परिमार्जन हुनेछन् ।

(२) यस कानुनलाई प्रतिस्थापन हुने गरी अर्को कानुन बनेर लागु नभएसम्म यसै निर्देशिका अनुसार भए गरेको मानिन्छ ।

## अनुसूची–१
### (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
### निवेदन पत्रको ढाँचा

श्रीमान प्रमूख प्रशासकिय अधिकृतज्यू
विजयनगरगाउँ कार्यपालिकाको कार्यालय
पिपरी, कपिलवस्तु ।

**विषय: संस्था दर्ता गरिदिनु हुन ।**

महोदय,

हामीले ................................................... सम्बन्धी संस्था खोल्न चाहेकोले संस्था दर्ता तथा नवीकरण निर्देशिका, २०७६ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खुलाई निवेदन पेश गरेका छौं । साथै प्रस्तावित सस्थाको विधानको १ प्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

विवरण:

१. संस्थाको नाम, ठेगाना:

२. संस्थाको उद्देश्य:

(क)

(ख)

(ग)

३. प्रवन्ध समितिका सदस्यहरुको

| सि.नं. | नाम, थर | ठेगाना | पेशा |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

४. आर्थिक श्रोत :

५. संलग्न कागजातहरु :

१. संस्थाको विधान

२. वडा कार्यालयको सिफारिस

३. सञ्चालन समितिको पदाधिकारीहरु प्रत्येकको नागरिकताको प्रतिलिपि

४. संस्थाको छापको नमूना

निवेदकको

हस्ताक्षरः

निवेदकको नाम, थरः

सम्पर्क नं.:

मितिः

## अनुसूची–२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

संस्था दर्ता कितावको ढाँचा

| दर्ता नं. | दर्ता मिति | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य/कार्यक्षत्र | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम | ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची–३**

**(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)**

**संस्था दर्ता प्रमाणपत्रको ढाँचा**

**स्थानीय सरकार**

# विजयनगर गाउँपालिका

**गाउँ कार्यपालिका कार्यालय**

**पिपरी, कपिलवस्तु, प्रदेश नं. ५, नेपाल**

**संस्था दर्ता प्रमाणपत्र**

संस्था दर्ता नं. ............

श्री अध्यक्ष/सचिव

................................................... ।

............................................ संस्थालाई संस्था दर्ता तथा नवीकरण निर्देशिका, २०७६ को दफा ४ बमोजिम ..................... साल .................... महिना .................... गतेमा यस कार्यालया दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

**दर्ता गर्ने अधिकारीको**

दस्तखतः

नाम, थरः

पदः

मितिः

**नवीकरण तालिका**

| नविकरण गरेको मिति | दर्ताको प्रमाणपत्र बहाल रहने अवधि | नवीकरण दस्तुर, रसिद नं. | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |